# संघीय संसद

# प्रतिनिधी सभा

# विकास तथा प्रविधि समिति

कमलविनायक-नगरकोट सडक खण्डको स्थलगत अध्ययन अवलोकन भ्रमण प्रतिवेदन

१२ साउन, २०७६




संघीय संसद सचिवालय

सिंहदरवार काठमाडौं ।


**फोन नं.: ०१-४२००४१९**

**URL: http//www.parliament.gov.np**

**Email: bikashsamiti@gmail.com**

## १ पृष्ठभुमिः

काठमाडौंबाट ३० कि.मि. पूर्व उत्तरको दूरीमा रहेको काठमाडौं उपत्यकाको प्रमुख पर्यटकीय गन्तव्य नगरकोट राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यटकहरुलाई आकर्षित गर्ने केन्द्रको रुपमा परिचित छ । विश्व सम्पदा सूची भित्र परी अन्तर्राष्ट्रिय प्रसिद्धी पाएको भक्तपुर दरवार स्क्वायर लगायतका अन्य ऐतिहासिक एवं पुरातात्विक स्थलहरुले भरिपूर्ण रहेको भक्तपुर जिल्लाले आफ्नो पृथक पहिचान समेत कायम गरेको छ । यसर्थ यो जिल्ला समग्र रुपमा नै एक पर्यटकीय आकर्षणको थलो हो । हाल चाँगुनारायण नगरपालिकाभित्र रहेको नगरकोट, कमलविनायकबाट १६ कि.मि. को दूरीमा रहेको छ । बिहानीको सूर्योदय हुँदा घामको पहिलो झुल्को हेर्न पाइने हुँदा नगरकोट गएर त्यहाँ बास बसी सूर्योदयको मनोरम दृष्यावलोकन नगरी कसैको पनि मन मान्दैन । यस्तो ऐतिहासिक, पुरातात्विक एवं पर्यटकीय आकर्षणको गन्तव्य पुग्ने मार्ग कमलविनायक-नगरकोट सडक वर्षामा पहिरो खसेर हिलाम्य हुने र हिँउदमा धुलो उडेर यात्रु र सडक वरपर रहेका बासिन्दाको स्वास्थ्यमा प्रतिकूल असर परेको साथै यही अवस्थाका कारण केही व्यक्तिहरु घाइते भएका र केहीले ज्यान समेत गुमाउनु परेको तथ्य सार्वजनिक भएकै हो ।

स्वदेशी मात्र होइन विदेशी पर्यटकहरुलाई समेत आकर्षित गर्ने र पर्यटन व्यवसायीहरुलाई पर्यटन प्रवर्द्धनका पूर्वाधारहरु निर्माण गरी दिगो पर्यटनको विकास मार्फत स्थानीय स्तरबाटै रोजगारीको सिर्जना गरी आर्थिक रुपले आत्मनिर्भर तुल्याउन यो सडकले दुरगामी महत्व राख्दछ । सन् २०१४ जुन ५ मा सडक निर्माण गर्ने सम्झौता भई सन् २०१६ जुन १८(२४ महिना) भित्र सम्पन्न गरी सक्नु पर्ने यो सडक सम्झौता भएको ६ वर्ष बितिसक्दा पनि निर्माण सम्पन्न हुन सकेको छैन । सडकको न्यून गुणस्तर र यसको निर्माणमा गरिएको ढिलाई एवं लापरवाही प्रति कमलविनायक-नगरकोटका स्थानीय जनता र त्यस क्षेत्रका सरोकारवालाहरुले स्थानीय तहका जनप्रतिनिधि एवं त्यस क्षेत्रका संघीय संसदका निर्वाचित माननीय सदस्यहरुको पनि प्रशस्त रुपमा ध्यानाकर्षण गराईएको विषय सार्वजनिक भईरहदा यसप्रति संघीय संसद, विकास तथा प्रविधि समितिको पनि गम्भीर रुपमा ध्यानाकर्षण भई यसै अनुरुप समितिको मिति २०७६/०४/०७ गते बसेको बैठकले काठमाडौं उपत्यकाको महत्वपूर्ण पर्यटकीय स्थल जाने भक्तपुर-नगरकोट सडक खण्डको निर्माणाधीन अवस्थाको सम्बन्धमा स्थलगत अध्ययन अवलोकन गर्ने निर्णय भएको थियो र मिति २०७६/०४/१२ गतेका दिन समितिका मा. सभापति कल्याणी कुमारी खड्काको नेतृत्वमा समितिका मा. सदस्यहरु ( सचिवालयका कर्मचारीहरु समेत) रहेको टोलीले उक्त सडक खण्डको स्थलगत अध्ययन अवलोकन भ्रमण सम्पन्न गरेको थियो ।

## २ सडक आयोजनाको संक्षिप्त परिचयः

नेपाल सरकार, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको सडक विभाग अन्तर्गत Road Improvemrnt and Development Project Phase II को Bhaktapur-Nagarkot-Silpaghat सडकको लम्बाई १५.६६० कि.मि. रहेको छ। कमलविनायक भत्केको पाटीदेखि नगरकोटसम्मको यो सडक निर्माण गर्नको लागि नेपालको तर्फबाट शैलुङ्ग कन्स्ट्रक्सन कम्पनी प्रा.लि. र भारतीय निर्माण कम्पनी आरावली ईन्फ्रा पावर लि.(AIPL) ले जिम्मेवारी प्राप्त गरेका छन्। नेपाल सरकारको उनन्चास प्रतिशत र भारत सरकारको एकाउन्न प्रतिशत लगानीमा निर्माणाधीन उक्त सडकको सम्झौता लगायतको विस्तृत विवरण यस प्रकार रहेको छ :-

**CONTRACT DETAIL:**

| | |
|---|---|
| Contractor: | SCCPL JV /AIPL |
| Contract No: | RIP/337133/BRT-09/2070-71 |
| Contract Length: | CH.3+340 km to 19+000 km (15.660 km) |
| Original Contract Amount: | Rs. 31,52,92,220.26 |
| Revised Contract Amount (Vo 1): | Rs. 34,15,69,329.13 (8.33 %) |
| Revised Contract Amount (Vo 2): | Rs.35,87,18,154.54 (13.77%) |
| Contract Agreement date: | June 5, 2014 |
| Contract Commencement Date: | June 18, 2014 |
| Original Contract Period: | 730 days (24 months) |
| Original Completion Date: | June 18, 2016 |
| I Revised Completion Date: | October 20, 2016 (till previous EoT-1) |
| II Revised Completion Date: | November 04, 2017 |
| III Revised Completion Date: | June 13, 2018 |
| Iv Revised Completion Date: | March 30, 2020 (Proposed) |
| Physical Progress: | 65% |
| Financial Progress: | 42% |

Source:- RIDP (Road Improvemrnt and Development Project Phase II)

## ३ भ्रमणको उद्देश्यः

- कमलविनायकदेखि नगरकोटसम्मको निर्माणाधीन सडकखण्डका विभिन्न स्थानहरुको विद्यमान अवस्थाको अध्ययन अवलोकन गर्ने,
- सडकको अवस्थाका कारण स्थानीय बासिन्दा र सरोकारवालाहरुलाई परेको समस्याको जानकारी लिने ,

- सडकको विद्यमान अवस्था, निर्धारित गुणस्तर र सम्झौता बमोजिम निर्माण सम्पन्न हुन नसकेको भन्ने सन्दर्भमा सर्वपक्षिय अन्तरक्रिया गरी सुझाव लिने,
- सडक निर्माणमा देखिएका समस्याहरु समाधान गर्न सम्वद्ध निकायहरुलाई उपयुक्त सुझाव तथा निर्देशन गर्ने ।

## ४ प्रतिवेदनको सीमाः

यो प्रतिवेदन मुख्य रुपले स्थलगत अध्ययन अवलोकन भ्रमणमा आधारित रहेको छ । कमलविनायकदेखि नगरकोटसम्मको निर्माणाधीन यस सडकसँग सम्वद्ध स्थानीय बासिन्दा, सरकारी निकाय, निर्माण व्यवसायी, पत्रकार र सरोकारवालाहरुको अनुभव र धारणा एवं भ्रमण टोलीले प्रत्यक्ष अवलोकन गर्दा देखिएका तथ्यहरु नै प्रतिवेदनका मूल विषयवस्तुहरु हुन् ।

## ५ स्थलगत अध्ययन अवलोकन भ्रमण कार्यक्रम देहाय बमोजिम निर्धारण गरिएको थियो ।

**२०७६ साल श्रावण १२ गते, आईतबार**

| समय | कार्यक्रम |
|---|---|
| • बिहान ११:३० बजे | • सिंहदरवारबाट प्रस्थान । |
| • दिनको १२:३० बजे | • कमलविनायक, भक्तपुरमा भेला हुने । |
| • दिनको १२:३० देखि २:३० बजेसम्म | • कमलविनायक-नगरकोट सडकको अध्ययन अवलोकन भ्रमण गर्ने । |
| • दिनको २:३० देखि ४:०० बजेसम्म | • चाँगुनारायण नगरपालिकाको स्थानीय बासिन्दाहरुसँग अन्तरक्रिया कार्यक्रम गर्ने र बेलुकी काठमाडौं फर्कने । |

## ६ संसदीय भ्रमण टोलीः

समितिको मिति २०७६/०४/०७ गते बसेको बैठकले भक्तपुरको कमलविनायक-नगरकोट सडक खण्डको स्थलगत अध्ययन अवलोकन भ्रमण गर्ने निर्णय गरे बमोजिम समितिका मा. सभापति श्री कल्याणी कुमारी खड्काको नेतृत्वमा समितिका मा. सदस्यहरु भक्तपुरबाट निर्वाचित संघीय संसदका सदस्य, समिति सचिवालयका कर्मचारी तथा पत्रकारहरु समेतको सहभागितामा देहाय बमोजिमको एक संसदीय टोलीले उक्त सडक खण्डको स्थलगत अध्ययन अवलोकन भ्रमण गरेको थियो ।

१ मा. सभापति श्री कल्याणी कुमारी खड्का, संयोजक
२ मा. श्री आशा कुमारी वि.क.
३ मा. श्री ईन्दु कुमारी शर्मा
४ मा. श्री कमला रोका
५ मा. श्री गणेश कुमार पहाडी
६ मा. श्री जीप छिरिङ्ग लामा

७ मा. श्री टेक बहादुर बस्नेत
८ मा. श्री मिनाक्षी झा
९ मा. श्री रंगमती शाही
१० मा. श्री राजेन्द्र कुमार राई
११ मा. श्री राम बहादुर विष्ट
१२ मा. श्री विना कुमारी श्रेष्ठ
१३ मा. श्री यज्ञराज सुनुवार
१४ मा. श्री महेश बस्नेत, भक्तपुरबाट निर्वाचित प्रतिनिधि सभा सदस्य-आमन्त्रित
१५ समिति सचिव श्री वंशीराज पौडेल-टोली सचिव
१६ उपसचिव श्री ओमबहादुर कार्की
१७ ना.सु. श्री रेनुका सुवेदी

## ७ नगरकोटमा गरिएको सर्वपक्षीय अन्तरक्रियाबाट प्राप्त सुझावहरु

पूर्व निर्धारित स्थलगत अध्ययन भ्रमण कार्यक्रम अनुसार समितिका मा. सभापतिको नेतृत्वमा रहेको संसदीय भ्रमण टोली भक्तपुरको कमलविनायकमा दिनको १२:३० बजे पुग्दा भक्तपुरबाट निर्वाचित संघीय संसदका सदस्य मा. श्री महेश बस्नेत, चाँगुनारायण नगरपालिकाका प्रमुख र उपप्रमुख, राजनीतिक दलका प्रतिनिधिहरु, अध्ययन अवलोकनका लागि गएको संसदीय टोलीलाई स्थानीय सरोकारवालाहरुले स्वागत गरी सडकको दुरावस्था र भ्रमण गरिने स्थानहरुको बारेमा संक्षिप्त जानकारी गराउनु भएको थियो । भ्रमण टोलीले कमलविनायक-नगरकोट सडक खण्डको विभिन्न स्थानहरुको अवलोकन गर्दै अगाडि बढ्ने क्रममा स्थानीय बासिन्दाहरुसँग ठाउँ-ठाउँमा सडकको अवस्थाबारेमा जानकारी लिइएको थियो। स्थलगत भ्रमणकै क्रममा भमण टोलीका संयोजक मा. सभापति र समितिमा रहनुभएका माननीय सदस्यहरुले निर्माणाधीन सडकका सम्बन्धमा पत्रकारहरुले राख्नुभएका जिज्ञासाहरुको बारेमा आफ्नो धारणा राख्दै सडक निर्माणसँग सम्वद्ध पक्षहरुलाई आवश्यक निर्देशन समेत दिनुभएको थियो । निर्माणाधीन सडकको स्थलगत अध्ययन अवलोकन पश्चात नगरकोटमा पुगी कमलविनायक नगरपालिकाका प्रमुख श्री सोम प्रसाद मिश्रको अध्यक्षता र भ्रमण टोलीका संयोजक मा. सभापतिको प्रमुख आतिथ्यतामा प्रमुख जिल्ला अधिकारी, सडक निर्माणमा संलग्न सरकारी पक्ष, निर्माण व्यवसायी, स्थानीय तहका जनप्रतिनिधिहरु, नागरिक समाजका प्रतिनिधिहरु, पत्रकार र सरोकारवालाहरु समेतको उपस्थिती एवं सहभागितामा दिनको २:३० बजे सर्वपक्षीय अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको थियो र उक्त अन्तरक्रियामा सहभागीहरुबाट निम्नानुसार सुझावहरु टोलीलाई प्राप्त भएका थिएः-

- ६ वर्ष अघि शुरु भएको कमलविनायक-नगरकोट सडक निर्माणको गति सुस्त रहेको,
- गत वर्षको सडक निर्माणको अवस्थामा भन्दा यो वर्षमा कुनै सुधार नभएको,
- निर्माण व्यवसायीले सडकको खण्ड-खण्ड गरी योजनावद्ध काम गर्ने भनेपनि त्यस अनुरुप काम नभएको,
- संसदीय टोली सडक निरीक्षणमा आउने थाहा पाएर विगतका ६ वर्षमा सुधार नगरिएको उक्त सडक दुई दिन अघि मात्र खाल्डा-खुल्डी पुरेको अवस्था रहेको,
- सडक निर्माण कार्यमा स्थानीयवासीबाट कुनै पनि अवरोध नभएको जानकारी प्राप्त भएको,
- निर्माण कार्य सम्बन्धमा निर्माण व्यवसायीबाट पटक-पटक वाचा गर्ने तर पूरा गर्ने काम नभएको,
- सडक निर्माणमा सरकारी पक्षबाट गरिनुपर्ने नियमित अनुगमनमा कमजोरी रहेको र काम नगर्ने व्यवसायीलाई नियमानुसारका कारवाहीको प्रक्रिया अघि नबढाईएको,
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय छलफल र गोष्ठी हुने नगरकोट सडक खण्डलाई उपेक्षा गरिएको,
- ठूला नेताको संरक्षणमा निर्माण व्यवसायी रहेकोले निर्माण व्यवसायीका गलत कार्यहरु ओझेलमा पारिएको भन्ने जनगुनासो पाईएको,
- हिँउद र वर्षादमा सडक हिलाम्य, धुलाम्य हुँदा स्थानीय बासिन्दाहरु र पर्यटकहरु समेत सडक दुर्घटनाको जोखिमले त्रसित रहनु परेको र नगरकोटको पहिचान समेत गुम्ने स्थिति रहेको,
- नेपाल सरकारले सन् २०२० लाई पर्यटन वर्ष घोषणा गरेको सन्दर्भमा प्रमुख पर्यटकीय गन्तव्यको रुपमा परिचित सडकको दुरावस्था रहेको,
- सडकका दायाँ बायाँ किनारामा रहेका नालीहरु सबै हिलो र माटोले पुरिएका अवस्था रहेको,
- नगरकोटको भूगोलका आधारमा DBSD प्रविधिको सट्टा आसफाल्ट प्रविधि उपयुक्त हुने,
- पहिले ठेक्का पुरा नगर्ने निर्माण व्यवसायीलाई अर्को ठेक्का दिने प्रावधान राख्न नहुने ।
- घटाघट विधिमा ठेक्का दिने परिपाटि उचित नभएको
- निर्माण व्यवसायीसँग काम गर्ने जनशक्ति र उपकरण कति परिमाण र संख्यामा हुनुपर्ने हो सो प्रस्ट नदेखिएको र साधनको कमि देखिएको ।
- सडक विस्तारका क्रममा जमिन कटिङ्ग गर्दा एकातर्फ काट्ने र अर्कोतर्फ उठाउने कार्य भूगोलको प्रकृति अनुसार नभएको,
- भएको कल्भर्टहरु पुरिनाले सडकमा पानी बगेर सडक कुलोमा परिणत भएकोले तत्काल यो समस्या समाधान गर्नुपर्ने सुझाव,

- ३० महिनासम्म पनि निर्माण व्यवसायीले सडकमा पर्ने रुख काट्ने अनुमति नपाएको व्यवसायीको गुनासो रहेको ।
- Mobilization बापत प्राप्त भएको रकमले निर्माण व्यवसायीले भौतिक सम्पत्ति खरिद गरेको जनगुनासो रहेको,
- भारतीय निर्माण व्यवसायी सेवा होइन मुनाफाको उद्देश्यले मात्र सहभागी भएको भन्ने आरोप रहेको,
- काममा लापरवाही गरिरहेको निर्माण व्यवसायीसँगको ठेक्का रद्ध गरी नयाँ ठेक्का लगाउन उपयुक्त हुने भन्ने जनस्तरबाट सुझाव आएको

**<u>अन्तरक्रिया कार्यक्रममा नेपाली निर्माण व्यवसायी शैलुङ्ग कन्स्ट्रक्सन कम्पनी र इन्डियन कम्पनीका तर्फबाट सडक निर्माणका सम्बन्धमा रहेको प्रतिक्रियाः-</u>**

- भक्तपुर जिल्लाका प्रमुख जिल्ला अधिकारी र चाँगुनारायण नगरपालिकाका प्रमुखको समन्वयमा काम गर्ने वातावरण अनुकुल भएको,
- राति क्रसरबाट उत्पादित वस्तु लोड गर्न नदिने र दिउँसो टिपर चलाउन रोक लगाइएका कारण निर्माण सामग्री ढुवानी गर्न वाधा पुगेको,
- सडक निर्माण गर्न सम्झौता भए पछि काम शुरु गर्ने क्रममा रुख काट्ने अनुमतिमा ढिलाई भएको, रकम भूक्तानीमा ढिलाई भएको,
- सडकको ६० प्रतिशत भन्दा बढी काम भएको जसमध्ये कल्भर्ट र नाली बनाउने काम बाँकी रहेको भन्ने व्यवसायीको दावी रहेको,
- बक्यौता रकम भुक्तानी भए तदारुकताका साथ काम गर्ने,
- ठेक्काको म्याद थप भए सो अवधिभित्र सबै काम सम्पन्न गर्ने,
- काम सम्पन्न गर्ने कार्ययोजना लिखित रुपमै तत्काल पेश गर्ने ।

अन्तरक्रिया कार्यक्रममा सडक आयोजना कार्यालयको तर्फबाट निर्माण व्यवसायीले आयोजनाको बाँकी काम गर्दा निर्माण सामग्री र त्यसको गुणस्तर, जनशक्ति, मेशीन एवं औजार सहित कामको ठोस कार्ययोजना सहितको लिखित प्रतिवद्धता गरे मात्र निर्माण व्यवसायीको ठेक्का सम्झौताको म्याद थप हुने आधार बन्ने र बक्यौता रकम भुक्तानी हुने जानकारी गराइएको थियो ।

## ८ कमलविनायक-नगरकोट सडकको विद्यमान अवस्था र देखिएका समस्याहरुः

सडकको स्थलगत अध्ययन अवलोकन भ्रमणको क्रममा देखिएका समस्याहरुलाई निम्नानुसार उल्लेख गरिएको छ,

- सन् २०१४ जुन ५ मा सम्झौता भई सन् २०१६ जुन १८ अर्थात २४ महिनामा निर्माण सम्पन्न भई सक्नु पर्ने उक्त सडक हालसम्म निर्माण सम्पन्न हुन नसक्नु निर्माण व्यवसायीहरुको चरम लापरवाही देखियो ।
- खरिपाटी स्थित मुहान पोखरीमा रहेको कल्भर्ट अत्यन्त जीर्ण र जोखिमयुक्त अवस्थामा रहेको पाईयो ।
- हरेक वर्ष वर्षायाममा पानी पर्दा सडक हिलाम्य हुने र हिउँदमा धुलो उडि स्थानीय बासिन्दा, सडक यात्री, पर्यटक लगायत सवारी साधन प्रयोगकर्ताहरुलाई अत्यन्त कठिनाई एवं जोखिमपूर्ण यात्रा गर्नुपर्ने बाध्यता सिर्जना भएको पाइयो ।
- सडकको दायाँ बायाँ बनाइएका नालीहरु माटोले पुरिएर सडकबाटै पानीको भेल बग्ने गरेकोले सडकमा क्षती पुगेको देखियो ।
- ठाउँ-ठाउँमा निर्माण भएका कल्भर्टहरु थुनिएको अवस्थामा रहेको ।
- जालपा मन्दिर नजिक पुग्ने करिव २०० मिटर लामो सडकमा पनि तीन वटा कल्भर्ट रहेको र तीनै वटा थुनेर राखिएको अवस्था देखियो ।
- सडक आयोजना र निर्माण व्यवसायीले सडक निर्माणमा ६० प्रतिशत भौतिक प्रगति भएको तथ्याङ्क देखाए तापनि समग्र सडक निर्माणको अवस्था हेर्दा र स्थानीय बासिन्दाहरुको मुल्याङ्कनमा पनि त्यस्तो तथ्यमा विश्वास गर्ने आधार देखिएन ।
- सडक निर्माणको ठेक्का प्रारम्भ हुनु अघि सडक आयोजना निर्माण सम्बन्धी पूर्व तयारी गरेको देखिएन । ३० महिनासम्म सडक भित्र पर्ने रुख कटान गर्ने अनुमति सरकारी पक्षले नदिएको तर्क निर्माण व्यवसायीले राखे पनि यो आधार प्रष्ट हुन जरुरी रहेको ।
- निर्माण व्यवसायीलाई निर्धारित गुणस्तर बमोजिम तोकिएकै समयमा सडक निर्माण गर्न स्थानीयबासी, स्थानीय तहका जनप्रतिनिधि, स्थानीय प्रशासन र भक्तपुरबाट निर्वाचित संघीय संसदका जनप्रतिनिधि सदस्य मा. श्री महेश बस्नेत समेतबाट पटक पटक ध्यानाकर्षण गरी भएका प्रयासहरुलाई निर्माण व्यवसायीले पूर्णतया अटेरी एवं काममा चरम लापरवाही गरी सडक निर्माण कार्यमा ढिलासुस्ती गरेको बुझियो ।
- सडकको दुरावस्थाले गर्दा नगरकोट भ्रमणमा जाने पर्यटकहरुको संख्या दिनानुदिन घट्दै गईरहेको कारण त्यहाँका पर्यटन तथा होटल व्यवसायीहरुको मनोवल खस्कदो छ ।

विग्रदो सडककै कारणले पर्यटन व्यवसायका लागि आवश्यक पूर्वाधारहरु निर्माण गर्न नसकी कठिनाई भोग्नु परिरहेको छ ।

- नेपाल सरकारले सन् २०२० लाई 'पर्यटन वर्ष' घोषणा गरेको सन्दर्भमा नगरकोट जस्तो प्रमुख पर्यटकीय गन्तव्यको सडक निर्माणमा तदारुकता नदेखाइनु सम्वद्ध सरकारी पक्ष र निर्माण व्यवसायीको गम्भीर कमजोरी रहेको देखिन्छ ।

## ९ समस्या समाधानका लागि उपायहरुः-

- २४ महिना भित्र सडक निर्माण सम्पन्न गर्ने गरी सडक आयोजना र निर्माण व्यवसायी बीच गरिएको सम्झौता पालना नगरी हालका दिनसम्म ६० प्रतिशत मात्र भौतिक प्रगति देखाई सडक आयोजना र निर्माण व्यवसायीको तर्फबाट भएका ढिलासुस्ती, लापरवाही र गैर जिम्मेवारीपूर्ण कार्यको यथाशिघ्र छानवीन गरी दोषी उपर कानून बमोजिम कारवाहीको प्रक्रिया अगाडि बढाइनु पर्ने ।
- सडक खण्डको खरिपाटी स्थित मुहान पोखरीमा हाल रहेको अत्यन्त जीर्ण र जोखिमयुक्त कल्भर्ट हटाई तुरुन्त नयाँ निर्माण गरिनु पर्ने ।
- भीरबाट सडकमा झर्ने पानीलाई उपयुक्त र व्यवस्थित निकास दिन यस्ता ठाउँहरुमा मापदण्ड बमोजिम कल्भर्टहरु तत्काल निर्माण गरिनु पर्ने ।
- सडकको दायाँ-बायाँ बनाइएका नालीहरु माटोले पुरिएर सडकबाटै पानीको भेल बग्ने समस्या देखिएकोले पानीको वहावलाई ध्यान दिई नाली निर्माण गर्ने र थुनिएका नालीहरुको नियमित सफाईको व्यवस्था मिलाइनु पर्ने ।

## १० निष्कर्षः

सूर्योदयको पहिलो झुल्को हेर्न पर्यटकहरुको मनै लोभ्याउने राष्ट्रकै मुख्य पर्यटकीय गन्तव्यस्थल नगरकोट स्वदेशी मात्र नभई विदेशी पर्यटकहरुको लागि पनि पहिलो रोजाईमै पर्ने गर्दछ । नेपालको आर्थिक विकासमा पर्यटन क्षेत्रको योगदान उल्लेख्य रहेको सन्दर्भमा यो गन्तव्य पुग्ने सडक प्रारम्भ भएको ६ वर्ष बितिसक्दा पनि निर्माण सम्पन्न हुन नसक्नु आज सर्वत्र चासो र चिन्ताको विषय भएको छ । काठमाडौंको नजिक रहेर भक्तपुरबाट जम्मा १६ कि.मि. लम्वाईको यो सडक राष्ट्रको आन्तरिक एवं वाह्य पर्यटन प्रवर्द्धनको दृष्टिले पनि उच्च प्राथमिकता साथ निर्माण गरिनु पर्ने हुँदा हुँदै पनि सम्वद्ध सरकारी निकाय र निर्माण व्यवसायी यस प्रति गम्भीर र जिम्मेवार भएको देखिएन । सडक निर्माणमा विगतदेखि हालसम्म संलग्न सम्वद्ध सरकारी पक्षहरु र निर्माण व्यवसायीबाट भएका ढिलासुस्ती, लापरवाही र गैह्र जिम्मेवारीपूर्ण कार्यहरुको समुचित मुल्याङ्कन र छानविन गरी

कानून बमोजिम आवश्यक कारवाहीको प्रक्रिया यथाशीघ्र अघि बढाईनु पर्दछ । नेपाल सरकारले सन २०२० लाई पर्यटन वर्ष मनाउने घोषणा गरेको सन्दर्भमा यसको कार्यान्वयनका लागि पनि यो सडक निर्माणमा कुनै किसिमको ढिलाई नगरी हालै नेपाल सरकारबाट संशोधन भएको सार्वजनिक खरिद नियमावलीमा उल्लेखित प्रावधानहरुको पालना गरी सडक निर्माणको कार्य तत्काल प्रारम्भ गरिनु पर्दछ र निर्धारित समयावधि भित्र सम्पन्न गरिसक्नुपर्ने समितिको ठहर छ ।

## अध्ययन अवलोकन भ्रमणका क्रममा लिईएका केही तस्वीरहरु







